फो.नं. ४१५३०९९
फ्याक्स नं. ४१५३०८३
प्रधान कार्यालय, दरवारमार्ग

# नेपाल विद्युत प्राधिकरण

(नेपाल सरकारको स्वामित्व)

## सामान्य सेवा विभाग

## उपलब्धी शाखा

### *सूचि दर्ता गराउने सम्बन्धी सूचना*

**सूचना प्रकाशित मिति २०७९/०३/२४**

आ.व. २०७९/०८० को लागि आवश्यक पर्ने तपसील बमोजिमका मालसामान, सेवा तथा मर्मत कार्यहरु गर्न सार्वजनिक खरिद ऐन-२०६३ को दफा ६(क), सार्वजनिक खरिद नियमावली-२०६४ को नियम १८ तथा ने.वि.प्रा. आर्थिक प्रशासन विनियमावली-२०६८ (सं.स.) को विनियम ९१ को प्रयोजनको लागि छुट्टाछुट्टै मौजुदा सूची (Standing List) तयार गर्नुपर्ने भएकोले सम्बन्धित निकायमा दर्ता भएको इच्छुक व्यक्ति, फर्म, कम्पनी वा संस्थाले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र निवेदन सहित ने.वि.प्रा., सामान्य सेवा विभाग, उपलव्धी शाखा, दरवारमार्ग, काठमाण्डौंमा सूची दर्ता गर्नु/गराउनु हुन यो सूचना प्रकाशित गरिएको छ ।

तपसील:

*क) खरिद तथा आपूर्तितर्फ :-*

१. स्टेशनरी तथा मसलन्द सामानहरु,
२. इलेक्ट्रिकल तथा इलेक्ट्रोनिक्स सामानहरु,
३. छपाई सम्वन्धी कार्य,
४. कुरियर सम्वन्धी कार्य,
५. इलेक्ट्रोनिक्स उपकरण (ल्यापटप, कम्प्युटर, प्रिन्टर, फोटोकपी मेसिन, यु.पि.एस., फ्याक्स मेशिन जस्ता सामाग्री)
६. फर्निचर तथा फर्निसिङ सम्वन्धी सामानहरु,
७. विद्युत सम्बन्धी सामानहरु (पंखा, A/C, हिटर, चिम, तार, वाइरिङ सम्बन्धी अन्य सामाग्री आदि),
८. खानेपानी (ट्यांकर तथा मिनरल वाटर) आपूर्ति सम्वन्धी,
९. सवारी साधन (गाडी र मोटर साईकल) को स्पेयर पार्टस,
१०. विविध ।

*ख) मर्मततर्फ :-*

१) सवारी साधन (गाडी तथा मोटर साईकल) मर्मत,
२) इलेक्ट्रिकल तथा इलेक्ट्रोनिक्स सामानहरुको मर्मत,
३) फर्निचर तथा फर्निसिङ मर्मत,
४) निर्माण, पून: निर्माण तथा मर्मत संभार
५) विद्युत सम्बन्धी सामानहरुको मर्मत,
६) A/C मर्मत तथा ग्यास रिफिलिङ कार्य ।

**निवेदनसाथ पेश गर्नुपर्ने कागजातहरु:**

१. फर्म वा कम्पनी दर्ता प्रमाणपत्रको नविकरण भएको प्रति,
२. स्थायी लेखा नं. र मूल्य अभिवृद्धिकरमा दर्ता भएको प्रमाणपत्रको प्रति,
३. आ.व. २०७७/०७८ को कर चुक्ता प्रमाणपत्र वा म्याद थपको प्रति,
४. मू.अ.क.मा दर्ता हुनु नपर्नेको हकमा सोको आधिकारिक प्रमाणपत्रको छायाँकपी ।

**नोट :** रित नपुगी वा उल्लेखित व्यहोरा नपुगी प्राप्त निवेदन उपर छानविन गरी सूचिकृत गर्ने/नगर्ने अधिकार यस कार्यालयमा रहनेछ । सूचीकृत भए नभएको जानकारी लिनु परेमा यस शाखामा सम्पर्क राख्न सकिनेछ ।